चिचिला गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः २ सङ्ख्याः ३१ मितिः २०७७१६/०५/

भाग – २

चिचिला गाउँपालिकाको सवारी साधन एवं मेशिनरी औजार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

चिचिला गाउँपालिका

चिचिला गाउँपालिकाको सवारी साधन एवं मेशिनरी औजार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावनाः गाउँपालिकाको स्वामीत्वमा रहेका मेशीनरी औजारहरुको प्रयोग तथा मर्मत सम्बन्धी कार्यलाई व्यवस्थीत बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा (१०२) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरी कार्यन्वयनमा ल्याएको छ । यो कार्यविधि गाउँकार्यपालिकाले २०७७\०६\०१ गते देखि लागु हुनेछ ।

खण्ड १

१. परिभाषा र व्याख्याः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(अ) “मेशिनरी औजार” भन्नाले गाउँपालिकाले खरिद गरी आफैले सञ्चालन गरेका कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसीन, ल्यापटप, मोटरसाईकल, चारपाङ्ग्रे सवारी साधन समेतलाई जनाउनेछ साथै सो शब्दले कुनै कर्मचारी वा पदाधिकारीलाई कार्यालयको कामको लागि हस्तान्तरण गरिएको सवारी साधन वा अन्य उपकरण समेतलाई जनाउनेछ ।

(आ) “नियमित मर्मत सम्भार” भन्नाले सवारी साधन तथा हेभि ईक्वीपमेन्टको नियमित सर्भिसिङ्ग फोटोकपि मेसीन एवं प्रिन्टरको टोनर परिवर्तन वा मसि फेर्ने समेतको कार्यलाई सम्झनुपर्नेछ ।

चिचिला गाउँपालिका

(इ) "आकस्मिक मर्मत" भन्नाले मेशिनरी औजारहरुको कुनै पार्टपुर्जामा आकस्मिक रुपमा खराबी आई सञ्चालन गर्न नसक्ने अवस्थामा रहेको वा दुर्घटनामा परि सवारी साधनमा पुग्न गएको क्षति समेतलाई सम्झनु पर्नेछ ।

(ई) "सवारी साधन" भन्नाले चारपाङ्ग्रे गाडी, मोटर साईकल, साईकल समेतलाई जनाउने छ ।

(उ) "चालक" भन्नाले चारपाङ्ग्रे सवारी साधनको चालक र मोटर साईकल जिम्मा लिने पदाधिकारी वा कर्मचारी सम्झनुपर्छ ।

(ऊ) "प्रयोगकर्ता" भन्नाले गाउँपालिकाका कार्यालय प्रयोजनको लागि स्वीकृती लिई सवारी साधन प्रयोग गर्ने कर्मचारी वा जनप्रतिनीधि सम्झनुपर्नेछ ।

खण्ड २

सवारी साधनको प्रयोग

२. **सवारी साधन खरिद गरिसकेपछि सरकारी नम्बर प्लेट कायम गर्नुपर्नेः** गाउँकार्यपालिकाले कुनै सवारी साधन खरिद गरिसकेपछि प्रयोग गर्नु अगावै सरकारी नम्बर प्लेट कायम गर्नु पर्नेछ ।

३. **सवारी साधनको अभिलेखः** खरिद भएका सवारी साधन गाउँपालिकामा जिन्सी खातामा अभिलेख व्यवस्थित गरिनेछ । अभिलेख नराखी कुनै कर्मचारी वा पदाधिकारीलाई सवारी साधन हस्तान्तरण गरिने छैन् ।

४. सवारी साधन उपलब्ध गराउन सक्नेः गाउँपालिकाले तपसिल बमोजिमका कुनै पदाधिकारी वा कर्मचारीहरुलाई सवारी साधन उपलब्ध गराउन सक्नेछ ।

(अ) फिल्डमा खटिई काम गर्नुपर्ने कर्मचारीहरुलाई ।

(आ) नियमित रुपमा योजना अनुगमनमा खटिने कर्मचारी वा पदाधिकारीहरुलाई ।

(इ) जुनसुकै कुरा लेखिएको भएता पनि तपसील बमोजिमको अवस्थामा कुनै पदाधिकारी वा कर्मचारीहरुलाई गाउँपालिकाले सवारी साधन उपलब्ध गराउन बाध्य हुने छैन् ।

१. गाउँपालिकाको आर्थिक श्रोतले सवारी साधन खरिद गर्न नसक्ने अवस्थामा ।

२. सवारी साधन लिने कर्मचारी वा पदाधिकारीहरुले आफैले सवारी साधन चलाउने भएमा सवारी साधन चालक अनुमति पत्र नलिएको अवस्थामा ।

५. सवारी चालक अनुमतिपत्र (लाईसेन्स) हुनु पर्नेः-

(१) सवारी साधन प्रयोग गर्ने कर्मचारीले माग फारामको साथमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सवारी चालक अनुमति पत्रको प्रतिलिपि संलग्न गरी जिन्सी शाखामा पेश गर्नु पर्नेछ ।

चिचिला गाउँपालिका

(२) सवारी साधर प्रयोग गर्न जिम्मा दिंदा गाउँपालिकाको जिन्सी शाखा प्रमुखले संलग्न कागजातको आवश्यक जाँच गरी प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतमा सवारी साधन दिनु पर्नेछ ।

(३) लाईसेन्स नभएको व्यक्तिलाई सवारी सधान प्रयोग गर्न दिई सवारी दुर्घट्ना भएमा, कारवाहीमा परेमा वा अन्य कुनै समस्या भएमा सम्बन्धित प्रयोगकर्ता र जिन्सी शाखा प्रमुख जवाफदेही हुनुपर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनको लागि कुनै प्रयोगकर्ताको आफ्नो लाईसेन्स नभएको भए सवारी चालक सुविधा पाउने प्रयोगकर्ता भए निजको र सवारी चालक नपाउने प्रयोगकर्ता भए ब्यक्तिगत रुपमा लाईसेन्स भएको सवारी चालक नियुक्ती गरी सवारी साधन सञ्चालन गर्न सक्नेछ । यसरी बुझेको सवारी साधन आफूले प्रयोग गर्दा बाहेक निजलाई सञ्चालन गर्न दिनु हुदैन ।

तर यस दफा प्रयोजनको लागि गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी सवारी चालकको रुपमा कुनै पनि ब्यक्ति नियुक्त गर्न पाईने छैन ।

६. विदाको समयमा सवारी चलाउँदा अनुमति लिनुपर्नेः

चिचिला गाउँपालिका

(१) प्रयोगकर्ताले विदाको समयमा कार्यालयको काममा सवारी साधन चलाउनु पर्ने भएमा कारण समयअवधि सहित खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष सवारी पासको लागि निवेदन दिनुपर्नेछ ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रमुख र उपप्रमुखले आफ्नो सवारी साधनको पास आफै जारी गर्न सक्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कामको औचित्य पुष्टी भएमा मात्र समयअवधी तोकी पास जारी गर्न सक्नेछ ।

(४) विदाको दिन पास विना वा पासको दुरुपयोग गरी सवारी साधन दुर्घट्ना वा सवारी साधन क्षति भएमा निज आफैले बेहोर्नु पर्नेछ ।

चिचिला गाउँपालिका

७. इन्धन उपलब्ध गराउन सक्नेः प्रदेश सरकारबाट सेवा, सुविधा प्राप्त भै रहेका गाउँपालिकाका जनप्रतिनिधि वा कर्मचारी बाहेकका जनप्रतिनिधि वा कर्मचारीहरुलाई देहाय बमोजिम ईन्धन उपलब्ध गराउन सकिनेछ ।

सवारी साधन	ईन्धन		कैफियत
	डिजल/ पेट्रोल	मोबिल (कार्यालयको सवारी साधनलाई मात्र)	
क) मोटर साईकल	१० लिटर प्रति महिना	तोकिएको सर्भिस सेन्टरबाट मोबिल नलिएको अवस्थामा मात्र	
ख) चार पाङ्ग्रे गाडी	आबश्यकता अनुसार	आबश्यकता अनुसार	

दफा ७ मा जुनसुकै कुरा लेखिएता पनि फिल्डमा खटिने कर्मचारीहरुलाई प्रति महिना ३ लिटर सम्म थप गर्न सकिनेछ।

८. **लगबुक राख्नु पर्नेः** सवारी साधनमा यात्रा गर्ने पदाधिकारी वा कर्मचारीहरुले अनुसूचि (१) बमोजिमको ढाँचामा लगबुक भरि राख्नुपर्ने छ।

९. **सवारी साधन फिर्ता गर्नुपर्नेः** देहायको अवस्थामा कुनै कर्मचारी वा पदाधिकारीहरुले आफ्नो जिम्मामा रहेको सवारी साधन गाउँपालिकालाई फिर्ता गर्नु पर्नेछ।

(क) कर्मचारी सरुवा भई गएमा वा अवकास भएमा।

(ख) पदाधिकारीहरुको कार्यकाल समाप्त भएमा।

(ग) सवारी साधन लिने कर्मचारी वा पदाधिकारीलाई सवारी साधन आवश्यक नभएको देखिएमा।

(घ) ७ (सात) दिन भन्दा बढि अवधिको लागि कर्मचारी विदामा बसेमा।

(ङ) सवारी साधनको दुरुउपयोग गरेमा।

चिचिला गाउँपालिका

१०. क्षति पूर्ति तिर्नुपर्नेः गाउँपालिकाबाट सवारी साधन लिई कुनै कर्मचारी वा पदाधिकारीको आफ्नो लापरबाहीले सवारी साधनमा क्षति पुगेमा वा चोरी भएमा त्यस्तो सवारी साधनको क्षतिपुर्ति सम्बन्धित कर्मचारी वा पदाधिकारीबाट भराईने छ।

खण्ड ३

सवारी साधनको मर्मत सम्बन्धी व्यवस्थाः

११. नियमित मर्मत सम्बन्धी व्यवस्थाः

(क) सवारी साधनको नियमित मर्मत उत्पादक कम्पनीले उपलब्ध गराएको मर्मत तालिका बमोजिम सवारी चालकले मर्मत गराउनुपर्नेछ । नियमित मर्मत नगराई सवारी चलाउनु हुदैन, यसरी सवारी साधन चलाएमा त्यस्तो सवारी साधन गाउँपालिकाले फिर्ता लिने छ।

(ख) उत्पादक, डिलर, डिस्ट्रीब्युटर वा आपूर्तीकर्ताले सवारी साधन आपूर्ती गर्दा निश्चित अवधिसम्म निशुल्क सर्भिस गरिदिने घोषणा बमोजिम सम्बन्धित कम्पनी/डिलरको सर्भिस केन्द्रमा सर्भिस गर्न वाधा पर्ने छैन।

(ग) नियमित मर्मत गर्दा सवारी चालकले अनुसूचि (२)बमोजिमको नियमित मर्मत फाराम भर्नुपर्ने छ।

(घ) नियमित मर्मत गर्दा कुनै पार्टपूर्जा परिर्वतन गर्नु पर्ने भएमा परिवर्तन गरेको नयाँ पार्टपूर्जा (Spare Parts) जिन्सी किताब खातामा चढाउनु पर्नेछ।

(ङ) नियमित वा आकास्मिक रुपमा सवारी साधनको कुनै पार्टपूर्जा (Spare Parts) फेर्नुपर्ने भएमा सम्बन्धित सवारी साधनको डिलर वा विक्रेत वा वर्कसपबाट सवारी साधनको पार्टपूर्जा (Spare Parts) के कारणले विग्रिएको हो स्पष्ट कारण खुलाई परिर्वतन गर्नुपर्नेछ।

१२. **आकस्मिक मर्मत सम्बन्धी व्यवस्था:** कुनै सावारी साधन र्दुघटनामा परि वा अन्य कारणले आकस्मिक रुपमा कुनै पार्टपूर्जामा खराबी आई काम नगर्ने अवस्था रहेको भए त्यस्तो सवारी साधनलाई परिवर्तन गर्नुपर्ने पार्टपूर्जा (Spare Parts) हरुको विवरण खोली सम्बन्धीत वर्कसपबाट प्रमाणित गराई जिन्सी खातामा व्यवस्थित गर्नुपर्नेछ।

१३. **मर्मत सम्बन्धी सम्झौता गर्नसक्ने**: गाउँपालिकाले सवारी साधन मर्मतको निमित्त कुनै वर्कसपहरुसँग सम्झौता गर्न सक्नेछ। गाउँपालिकाले कुनै वर्कसपसँग सवारी साधन मर्मत सम्बन्धी सम्झौता गरेमा सवारी चालकले सोही वर्कसपमा गई मर्मत गुर्नपर्नेछ । तर सवारी साधन आकस्मिक रुपमा विग्रिएमा र सम्झौता गरेको वर्कसपमा पुग्न सम्भव नभएमा वा अन्य गाउँपालिका वा जिल्लामा रहेको अवस्थामा सो कुरा खुलाई मर्मत गर्न सकिने छ।

१४. **मर्मत सम्बन्धी भुक्तानी र बिल सम्बन्धी व्यवस्था:**

चिचिला गाउँपालिका

(क) अन्यत्र गाउँपालिका वा बाहिरी जिल्लामा रहेको अवस्थामा मर्मत गर्नुपर्ने अवस्थामा र आकस्मिक मर्मत गर्नुपर्ने अवस्थामा बाहेक अन्य अवस्थामा सम्झौता नभएको स्थानमा मर्मत गरिएको सवारी साधनको मर्मत खर्च उपलब्ध गराइने छैन् ।

(ख) अन्यत्र गाउँपालिका वा बाहिरी जिल्लामा रहेको अवस्थामा मर्मत गर्नुपर्ने अवस्थामा र आकस्मिक मर्मत गर्नुपर्ने अवस्थामा प्रयोगकर्ताले मर्मत गरेको बिल भरपाई गाउँपालिकाको कार्यालयमा सोधभर्नाको लागि पेश गर्नु पर्नेछ ।

(ग) आकस्मिक मर्मत गर्नुपर्ने अवस्थामा र अन्यत्र स्थानमा गएको बेलामा बाहेक मर्मत सम्बन्धी खर्च भएको रकम सम्झौता भएका वर्कसपको नाममा भुक्तानी गरिने छ । सवारी साधन मर्मत गर्ने वर्कसपले अनुसूचि (३) बमोजिमको फाराम भरि चालकको सहि गराई बिल पेश गरेपछि मात्र रकम भुक्तानी गरिनेछ ।

(घ) मर्मतको खर्च भुक्तानी नगरिनेः देहायको अवस्थामा सवारी साधनको मर्मत खर्च भुक्तानी हुने छैनः

(१) उत्पादक कम्पनी वा डिलर वा डिस्ट्रीव्युटर्सले निश्चित अवधिसम्म निशुल्क मर्मत गर्ने भनि आपूर्ति गर्दा घोषणा गरेको समय अवधि भित्र गरिएको मर्मत सम्बन्धी खर्च ।

चिचिला गाउँपालिका

(२) चालकले आफ्नो लापरबाहीको कारणले सवारी साधनमा पुगेको क्षतिबाट गुर्नपर्ने मर्मत सम्बन्धी खर्च ।

(३) सम्झौता नभएको वर्कसप वा आपूर्ति कर्ताले तोकेको निशुल्क मर्मत गरिदिने वर्कसपमा बाहेक अन्यत्र नियमित मर्मत गरि भएको खर्च ।

खण्ड ४

मेशिनरी उपकरणको मर्मत सम्बन्धी व्यवस्थाः

१५. **अपूर्तिकर्ताबाट मर्मत गराउनेः** कार्यालयमा प्रयोग हुने अन्य मेशिनरी उपकरणहरु बिग्रिएमा वा कुनै पाटपूर्जा वा Spares Parts ले काम नगर्ने भएमा खरिद गर्दा आपूर्तिकर्ता (बिक्रेता) ले निशुल्क मर्मत वा निशुल्क पार्टपूर्जा परिर्वतन सम्बन्धी व्यवस्था गरि सम्झौता वा घोषणा गरेको रहेछ भने सोही आपूर्तिकर्ता वा बिक्रेताबाट मर्मत वा पार्टपूर्जा/ सफ्टवेयरहरु परिवर्तन गर्नु पर्नेछ ।

१६. **सम्झौता गर्न सकिनेः** अन्य मेशिनरी उपकरणको मर्मतको लागि उपकरणसँग सम्बन्धित मर्मतकर्ता कम्पनी वा फर्महरुसँग गाउँपालिकाले सम्झौता गर्न सक्नेछ । यसरी सम्झौता भएको भए सामान्य मर्मतको लागि सोही मर्मतकर्ता फर्म वा कम्पनीबाट मर्मत गराईने छ ।

१७. **अभिलेख व्यवस्थित गर्नुपर्नेः** उपकरणहरुको जिन्सी अभिलेख व्यवस्थित गरी प्रत्येक उपकरण वा सवारी साधनमा जिन्सी खाताको नंम्बर प्रदान गर्नुपर्नेछ ।

खण्ड ५

मेशिनरी प्रयोग सम्बन्धी व्यवस्थाः

१८. प्रयोग सम्बन्धी व्यवस्थाः

क) मेशिनरी औजार (ल्यापटप, कम्प्युटर,प्रिन्टर, कार्ट्रिज, डष्ट) लगायतका उपकरणहरु नियमित रुपमा चुस्त दुरुस्त प्रयोगमा ल्याउन प्रयोगकर्ताले नियमित रुपमा उपकरणहरुको सहि उपयोग गर्नु पर्नेछ।

ख) उपकरणहरुको कुनै ल्यापटप, कम्प्युटर,प्रिन्टर, कार्ट्रिज, डष्ट परिवर्तन वा मर्मत गर्नु पर्ने भएमा सम्बन्धित शाखाको प्राविधिक कर्मचारीलाई जानकारी गर्नु पर्नेछ र प्राविधिक कर्मचारीको सिफारिसमा जिन्सी शाखा प्रमुख मार्फत माग फाराम भरी प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतीमा उपकरण परिवर्तन गर्न सकिनेछ।

अनुसूचि– १
चिचिला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चिचिला, स.स.
सवारी र मेशिन प्रयोगको लगबुक

सवारी न.

सवारी साधनको किसिम/नामः

प्रयोगकर्ताः

मिति	ठाउँ		किलोमिटर		जम्मा	माग फाराम नं.	पेट्रोलियम/डिजेल पदार्थ					सवारी मेशिनरी प्रयोगको उदेश्य	कर्मचारी/पदाधिकारीको नाम		कैफियत
	देखि	सम्म	बाट	सम्म			डिजेल	लुब्रिकेन्ट	ग्रिज	गेयर आयल	अन्य		नाम	दस्तखत	
	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६

सवारी चालकको नाम,थरः

दस्तखतः

चिचिला गाउँपालिका

अनुसूचि–२

चिचिला गाउँपालिका

मर्मत कर्ताले भर्ने मर्मत सम्बन्धी विवरण

इन्जिन नंम्बरः सवारी दर्ता नं.

चालकको नामः

मर्मत कर्ता (वर्कसप) फर्म/ कम्पनीको नामः–

क्र.स.	मर्मत सम्बन्धी विवरण	फेरिएको पुरानो सामानको नाम	जम्मा चलेको दुरी (Km)	नँया सामानको नाम	नँया सामानको मूल्य	चालकको दस्तखत	कैफियत

मर्मत कर्ताको हस्ताक्षरः

मितिः

चिचिला गाउँपालिका

अनुसूचि– ३
चिचिला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चिचिला, सङ्खुवासभा ।

इन्जिन नंम्बरः रजिष्ट्रेशन नम्बरः

किसिमः

च्यासिस नम्बरः सवारी दर्ता नम्बरः

सवारी वजन वा टनः

खरिद गरेको मितिः

महिना	पेट्रोल मोबिल ग्रिज आदिको मोल तथा परिमाण	मर्मत गरेको विवरण तथा मोल	फेरिएको पूरानो सामानको विवरण	जम्मा चलेको माइल	१ ग्यालेन पेट्रोलको सरदर माइल	कार्यालय प्रमुखको दस्तखत	कैफियत
१	२	३	४	५	६	७	८

चिचिला गाउँपालिका

यो सवारी साधन वा निर्माण सम्बन्धी चल्ती मेशिनहरु राखेको कार्यालयहरुले उक्त सवारी वा मेशिनहरुको किसिम समेत उल्लेख गरि उक्त सवारीको प्रत्येक महिनाको स्थिति समेत स्पष्ट देखाउने किताब होः

द्रष्टव्य

१. सवारी साधन वा चल्ती मेशिन आफ्ना कार्यालयमा प्राप्त हुन आउनासाथ यो फर्मको शिर व्यहोरामा उल्लेखित सबै विवरण भर्नुपर्छ।
२. उक्त सवारी साधन वा चल्ती मेशिनमा जे जति काम कारबाही भए गरेको छ प्रत्येक महिनामा यो फाराममा
चढाउनु पर्छ।
३. महल नं. २ मा एक महिनामा कति पेट्रोल मेबिल आदि खर्च लागेको हो सो को परिणाम लेन्नु पर्छ।
४. महल नं. ३ मा मर्मत गरिएको भए मर्मत गर्दाको खर्च माल लेख्नुपर्छ।
५. महल नं. ४ मा मर्मत गर्दा पार्टपूर्जा फेरिएको भए के कुन पार्टपूर्जा फेरिएको हो सो को विवरण लेख्नु पर्छ।
६. यसमा चढाइने प्रत्येक महिनाको सवारी साधन वा चल्ती मेशिन उक्त महिना भरि चलाईएको माइल अङ्क महल नं.५ मा लेख्नु पर्छ।
७. महल नं. ६ मा चल्ती मेशिन वा सवारी साधनमा एक ग्यालेन पेट्रोलले कति माइल चल्ने हो सो प्रमाणीत गराई चढाउनु पर्छ।

चिचिला गाउँपालिका

८. महल नं. १ देखि ६ सम्म उल्लेख भएका बेहोराहरु कार्यालय प्रमुखबाट प्रमाणीत गराई महल नं. ७ मा दस्तखत
गराई राख्नु पर्छ।

९. यो फाराम प्रत्येक सवारी वा चल्ती मेशिन प्रयोगमा रहुन्जेलसम्म जतिसुकै बर्ष भएता पनि एउटै किताबमा राख्नुपर्छ।

१०. उक्त सवारी वा चल्ती मेशिन अन्यत्र हस्तान्तरण गरिदा पनि यो किताब समेत साथमा पठाउनु पर्छ।

चिचिला गाँउपालिका